# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


च.नं.:–

मिति:– २०७०।१२।७

**विषय:– आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय, संखुवासभा ।

१. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।१०।१५ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।१०।१६मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा कार्यालयको जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित सो प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७. **कार्यालयका जिम्मेवार पदाधिकारी**

**कार्यालय प्रमुख** – स्थानीय विकास अधिकारी, श्री लीला अधिकारी

**लेखा प्रमुख** – लेखा अधिकृत, श्री विश्वेश्वर घिमिरे

८. **आय–व्यय सारांस –** (विस्तृत विवरण अनुसूची–१ मा उल्लेख गरिएको छ ।)

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| ६,००,३० | २९,९५,२० | २,४०,१३ | ५,०१,४२ | ४३,३७,०५ | २९,९५,२० | ६,३३,७२ | ३६,२८,९२ | ७,०८,१३ |

९. **बेरुजूको व्यहोराहरुको अवस्था**

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | पेश्की | | |
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | कर्मचारी | अन्य | जम्मा |
| ४२ | २४ | ५,७८,६६ | ० | ० | ० | ४२ | २४ | ५,७८,६६ | ५९,२० | १,५८,६५ | ७८६ | ३,५२,९४ | ३,६०,८० |

१०. **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.२ करोड ५८ लाख ४७ हजार लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको छ । साथै यो वर्षको मिति २०७०।१०।१६ मा उपलव्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बांकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

११. **केन्द्रिय धरौटी:-** गतवर्षको जिम्मेवारी रु.२,४७,७८४।- र यो वर्षामा प्राप्त भएको रु.०।- समेत यो वर्ष खर्च नभई आ.व.को अन्तमा रु.२,४७,७८४।- बाँकी रहेको छ ।

१२. **कोष धरौटी -** गतवर्षको जिम्मेवारी रु.५५,३८,४६२।३२ र यो वर्ष प्राप्त भएको रु.९५,७९,८५२।७९ समेत रु.१,५१,१८,३१५।११ जम्मा भएकोमा रु.५३,३५,५०९।८७ फिर्ता भई आ.व.को अन्तमा रु.९८,२७,३८९।९२ धरौटी बाँकी रहेको छ ।

१३. **बैंक हिसाव :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१)(द) मा अनुसूची २३ को ढाँचामा कार्यालयले प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण (Bank Reconcial) तयार गर्नु पर्दछ । कार्यालयको चालु आ.व.को. अन्तसम्ममा श्रेस्ता अनुसार रु.७,०८,१३,४७४।९८ र बैंक स्टेटमेन्ट विवरण अनुसार रु.७,८६,७३,९२६।६४ मौज्दात देखीएको छ । यसरी श्रेस्ताले फरक मौज्दात देखाउदा समेत कार्यालयले बैक हिसाव विवरण तयार गरेको छैन । गत विगत वर्ष देखिनै बैक हिसाव तयार नगरेकोले यस वर्ष पनि नगरेको जनाएको छ । नियमानुसार बैंक हिसाब समायोजन तयार गर्ने परीपाटी बसाली ब्यवस्थित लेखा प्रणाली अपनाउनु पर्नेमा नअपनाएको कारण श्रेस्तामा फरक मौज्दात देखिन्छ । लेखा ब्यवस्थापन वास्तविक नहुँदा र समयमै बैंक हिसाब समायोजना विवरण तयार नभएबाट आर्थिक अनुशासन कमजोर हुने र कोषको दुरुपयोग भएमा समयमै त्यसको पहिचान गर्न नसकिने देखिन्छ । फरक परेको रु.७८,६०,४५१।६६ को सम्बन्धमा बैंक समायोजन हिसाव विवरण तयार गरी वास्तविक मौज्दात यकिन गर्नु पर्ने देखिएको छ ।

**कार्यालयको जवाफ :–** वैक समायोजन हिसाव तयार गरी वास्तवीक मौज्दात यकिन गरेको जानकारी गराएता पनि प्रमाण पेश गरेको छैन ।

१४. **पेश्की सम्बन्धमा :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ (१) मा काम काजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुने बांकी रहेको पेश्की रकमको नामनामेसी सहित के, के वापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी सारीएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार जि.वि.स. तर्फ गत वर्षको पेश्की

जिम्मेवारी रु.४,३०,०१,५०३।१० रहेकोमा यस वर्ष रु.२,५५,९५,९२० फछ्र्यौट देखाएको छ । विगत वर्षको बाँकी रु.१,७४,०५,५८३।१० मा यस आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभएको रु.३,६०,८०,०२५।- समेत कुल रु.५,३४,८५,६०८।१० पेश्की बाँकी रहेको छ । आ.व. को अन्तमा फछ्र्यौट नभएको निम्नानुसार पेश्की रु.३,६०,८०,०२५/- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ र १९० बमोजिम फछ्र्यौट गर्नु पर्दछ ।

| सि. नं. | ब.शि.नं. | पेश्की लिनेको नाम | यस बर्षको पेश्की |
|---|---|---|---|
| १ | राजस्व वांडफांड | सामुदायिक वन उपभोक्ता महासंघ बद्री सापकोटा | १००००० |
| २ | राजस्व वांडफांड | पोखरी निर्माण उपभोक्ता समिति अनन्त गौली | २००००० |
| ३ | डि.एफ.आई.डि. | राममन्दिर ओखरवोटे मावादिन सडक उ.स.अ.एकनाथ पौडेल | २००००० |
| ४ | डि.एफ.आई.डि. | ओखरवोटे मावादिन नुनढाकी सडक उ.स.अ.जीवन लिंगथेन | ४००००० |
| ५ | जि.वि.स.कोष | ना.सु. हित कुमार नालामी (वैठक भत्ता) | ४६०० |
| ६ | जि.वि.स. कोष | ना.सु. हित कुमार नालामी (दैनिक भत्ता) | १२००० |
| ७ | जि.वि.स. कोष | का.स. जनक विक्रम कार्की (विविध पेश्की) | ४००० |
| ८ | पर्यटन विकास | उ.स.अ. मन बहादुर लिम्बु | १७५००० |
| ९ | ३६५८०१३ | जनजाति संग्राहलय निर्माण उ.स. | ५००००० |
| १० | ३६५८०१३ | थुम्कि डांडा शिवालय निर्माण उ.स. | २००००० |
| ११ | ३६५०१५३ | किमाथांका गा.वि.स. | ४३२०० |
| १२ | ३६५०१५३ | चेपुवा गा.वि.स. | ३७८००० |
| १३ | ३६५०१५३ | हटिया गा.वि.स. | ४४४००० |
| १४ | ३६५०१५३ | पावाखोला गा.वि.स. | ३८८८०० |
| १५ | ३६५०१५३ | पाथीभरा गा.वि.स. | १०८६००० |
| १६ | ३६५०१५३ | नुम गा.वि.स. | ३६४४०० |
| १७ | ३६५०१५३ | मकालु गा.वि.स. | ५३५६०० |
| १८ | ३६५०१५३ | याफु गा.वि.स. | ४४१२०० |
| १९ | ३६५०१५३ | मांगतेवा गा.वि.स. | ३६९६०० |
| २० | ३६५०१५३ | बाला गा.वि.स. | ३७८४०० |
| २१ | ३६५०१५३ | सिसुवाखोला गा.वि.स. | ३६१२०० |
| २२ | ३६५०१५३ | ताम्कु गा.वि.स. | ३८६००० |
| २३ | ३६५०१५३ | सितलपाटी गा.वि.स. | ९५५६०० |
| २४ | ३६५०१५३ | दिदिंग गा.वि.स. | ३७०४०० |
| २५ | ३६५०१५३ | मत्स्यपोखरी गा.वि.स. | ६२२८०० |
| २६ | ३६५०१५३ | बाह्रविसे गा.वि.स. | ३२९६०० |
| २७ | ३६५०१५३ | सभापोखरी गा.वि.स. | ४५५२०० |
| २८ | ३६५०१५३ | धुपु गा.वि.स. | ७५२४०० |
| २९ | ३६५०१५३ | स्यावुन गा.वि.स. | ९९८००० |
| ३० | ३६५०१५३ | वाना गा.वि.स. | ९४२८०० |
| ३१ | ३६५०१५३ | जलजला गा.वि.स. | ९४६८०० |
| ३२ | ३६५०१५३ | सिद्धकाली गा.वि.स. | ८११२०० |
| ३३ | ३६५०१५३ | सिद्धपोखरी गा.वि.स. | ४८२००० |
| ३४ | ३६५०१५३ | नूनढाकी गा.वि.स. | ३६२४०० |
| ३५ | ३६५०१५३ | मावादिन गा.वि.स. | ३४३६०० |
| ३६ | ३६५०१५३ | मादीराम्बेनी गा.वि.स. | ८६२४०० |
| ३७ | ३६५०१५३ | चैनपुर गा.वि.स. | १९६५६०० |
| ३८ | ३६५०१५३ | खरांग गा.वि.स. | १०८९६०० |
| ३९ | ३६५०१५३ | बानेश्वर गा.वि.स. | ५८६८०० |
| ४० | ३६५०१५३ | आखीभुंई गा.वि.स. | ११०३६०० |
| ४१ | ३६५०१५३ | माम्लिंग गा.वि.स. | ५६२४०० |
| ४२ | ३६५०१५३ | तामाफोक गा.वि.स. | १५३२००० |
| ४३ | ३६५०१५३ | मादीमूलखर्क गा.वि.स. | ९६४८०० |

| | | | |
|---|---|---|---|
| ४४ | ३६५०१५३ | खादवारी नगरपालिका गा.वि.स. | ५७३६०० |
| ४५ | ३६५८०९३ | मेवा झो.पु. निर्माण उ.स. | ५७५९०० |
| ४६ | ३६५८०९३ | चनौटे झो.पु. निर्माण उ.स. | २६७९५० |
| ४७ | ३६५८०९३ | पेक्ला झो.पु. निर्माण उ.स. | ३४५००० |
| ४८ | ३६५८०९३ | नेवाटार झो.पु. निर्माण उ.स. | १००००० |
| ४९ | ३६५८०९३ | लेक्सुवा झो.पु. निर्माण उ.स. | ८५००० |
| ५० | ३६५८०९३ | सभाखोला झो.पु. निर्माण उ.स. | २००००० |
| ५१ | ३६५८०९३ | साङ्खोला झो.पु. निर्माण उ.स. | १५०००० |
| ५२ | ३६५८०९३ | अरुण रातो नदी झो.पु. निर्माण उ.स. | २९६००० |
| ५३ | ३६५८०९३ | पामा खेला झो.पु. निर्माण उ.स. | ६०००० |
| ५४ | ३६५८०९३ | अरुण नदी ढोडेनी झो.पु. निर्माण उ.स. | ३३०००० |
| ५५ | ३६५८०९३ | अरुण नदी सिरुटार झो.पु. निर्माण उ.स. | ४००००० |
| ५६ | ३६५८०९३ | सेराफेदी झो.पु. निर्माण उ.स. | ७०५८३ |
| ५७ | ३६५८१९३ | जि.स.क. कैलास चौधरी | १६५००० |
| ५८ | ३६५८१९३ | समाज विकास केन्द्र खांदवारी | २२८००० |
| ५९ | ३६५१०१३ | मकालु बरुण गुम्वा उ.स. | ३४००० |
| ६० | ३६५०१६३ | अ.स.ई. छविलाल राई | १००००० |
| ६१ | ३६५०१६३ | योगमाया देवी प्रतिमा एवं धामिंक स्थल उ.स. | ४७५००० |
| ६२ | ३६५८०३ | भ्याङ्खोला याफु तम्वे सडक उ.स. | ४३०००० |
| ६३ | ३६५८०३ | किटिङ्गडांडा विहीवारे मुलगांउ सडक उ.स. | ७४०००० |
| ६४ | ३६५८०३ | जलजला विहीवारे सडक उ.स. | ३६७५०० |
| ६५ | ३६५८०४३ | अ.स.ई. इन्द्र बहादुर राई | २००००० |
| ६६ | ३६५८०४३ | सिसुवाटार बुधवारे खा.पा.या. उ.स. | १००००० |
| ६७ | ३६५८०४३ | भित्रे खा.पा.या. उ. स. | २८०००० |
| ६८ | ३६५८१२३ | स.ई. याम कुमार प्रधान | ३००००० |
| ६९ | ३६५८१२३ | पूर्णेश्वर शिवालय मन्दिर जिर्णोद्धार निर्माण उ.स. | ११३००० |
| ७० | ३६५८१२३ | मुढे समुदायिक भवन निर्माण उ.स. | ३७५००० |
| ७१ | ३६५८१२३ | बरुण वहुमुखी क्याम्पस भवन निर्माण उ.स. | ७३५००० |
| ७२ | ३६५८१२३ | आस्था पोलिक्लिनिक देखि हि.क्याम्पस चेवा सडक उ.स. | २४६००० |
| ७३ | ३६५८१२३ | हिमालय मा.वि.भवन निर्माण उ.स. | ७७९०९२ |
| ७४ | ३६५८१२३ | ताम्कु सल्लेरी सडक उ.स. | ४७५००० |
| ७५ | ३६५८१२३ | हेदाङ्गना गडी देखि पावाखोला सडक उ.स. | ४६०००० |
| ७६ | ३६५८१४३ | एग्रो इन्जिनियरिङ्ग वर्कस प्रा.लि. | ९२७४०० |
| ७७ | ३६५८१४३ | एस. के.इन्जिनियरिङ्ग इण्डस्ट्रीज | १०८४००० |
| | | जम्मा : | ३६०८००२५ |

**कार्यालयको जवाफ :–** विलभर्पाइ प्राप्त भएपछि फछ्र्यौट गरी सम्परीक्षणको लागी पेश गरीने जनाएको छ ।

१५. **प्रशासनिक खर्च :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा कार्यालयले स्वीकृत बजेटको परीधि भित्र रही ऐन वमोजिम कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकम रु.५० लाख देखि १ करोड सम्मको अधिकतम ३० प्रतिशतसम्म प्रशासनिक खर्च गर्न पाउने उल्लेख छ । यो वर्ष कर, शुल्क र भाडावाट रु.५२,३७,३३६।८७ आम्दानी भएको छ । आम्दानीको ३० प्रतिशतले हुने रु.१५,७१,२०१।०६ खर्च गर्न पाउनेमा रु.१९,४८,८४३।- खर्च गरी नियमले तोके भन्दा रु.३,७७,६४१।९४ वढी खर्च गरेको छ । वजेटको कमी र प्रशासनिक खर्च बढ्दै गएकोले बढी खर्च हुन गएको उल्लेख छ । कार्यालयले तोकिएको सिमा भन्दा वढी प्राशासनिक खर्च गर्नाले विकास निर्माणमाा खर्चको कमी भई योजना अधुरा नै रहेका छन । कार्यालयले तोकीएको सिमा भन्दा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्ने देखिएको छ ।

**कार्यालयको जवाफ :–** खर्च मनासिवनै देखिएकाले बेरुजु कायम नगरी दिन हुन अनुरोध गरिएको छ ।

१६. **भैपरी खर्च :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५६ मा ऐन वमोजिम कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको १ प्रतिशत सम्म भैपरी खर्च गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यालयले रु.५२,३७,३३६।८७ शुल्क उठाएकोमा १ प्रतिशतले रु.५२,३७३।३७ खर्च गर्न पाउनेमा रु.१,०३,१५३। खर्च गरी रु.५०,७७९।६३ वढी खर्च गरेको छ । वजेटको कमी र भैपरी खर्च बढ्दै गएकोले बढी खर्च हुन गएको उल्लेख छ । कार्यालयले तोकिएको सिमा भन्दा वढी प्राशासनिक खर्च गर्नाले विकास निर्माणमाा खर्चको कमी भई योजना अधुरा नै रहेका छन । कार्यालयले तोकीएको सिमा भन्दा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्ने देखिएको छ ।

**कार्यालयको जवाफ :–** भैपरी खर्च विकास निर्माण कार्यको लागी नभएको हुदा वेरुजु कायम नगरी दिन अनुरोध गरेको छ ।

१७. **बार्षिक तथा प्रगति :-** कार्यालयले आफुलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लागत तथा कार्यक्रम बमोजिम प्रगति कायमगर्नुपर्दछ । कार्यालयले उपलब्धगराएको वार्षिक प्रगति विवरण अनुसार १५१ योजना स्वीकृत भएकोमा १२२ योजना सम्पन्न, २७ योजना क्रमागत र २ योजना सन्चालन नभएको उल्लेख छ । क्रमागत योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी वनाउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

१८. **चौमासिक खर्च अनुपात सम्वन्धमा :-** अनुसार कार्यालयको चौमासिक खर्चको अवस्था निम्नानुसार छ :

| सि. नं. | ब.उ.शी.नं. | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असारको खर्च |
|---|---|---|---|---|---|---|
| १ | ३६५८०६४ | २४६४४६९/१९ | ० | ० | २४६४४६९/१९ | २१६१२६८।६९ |
| | जम्मा | २४६४४६९/१९ | ० | ० | २४६४४६९/१९ | २१६१२६८।६९ |

कुल खर्च रु.२४६४४६९।१९ मध्ये आषढ महिनामा मात्र ८७.७० प्रतिशत खर्च भएको छ ।

१९. **सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन :-**आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१ (४) मा उपदफा ३ बमोजिम प्रतिनिधि सभा सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधि सभामा पेश गरेको सुझाव प्रतिनिधि सभाबाट स्वीकृत भएपछि उक्त प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित मन्त्रालयको हुनेछ भन्ने उल्लेख छ । महालेखा परीक्षकको कार्यालयको ४६ औं, ४७ औं र ४८ औं वार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल भई मिति २०६९।०१।१० मा उक्त निर्णय मन्त्रालयमा कार्यान्वयको लागि पठाएको पाइयो । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट कार्यालयमा कार्यान्वयनका लागि निर्णय पठाएको पाइएन । सार्वजनिक लेखाको विषयमा सर्वोच्च संस्थाले गरेको निर्णयलाई सक्रियताका साथ कार्यान्वयन नगर्दा लेखा र लेखापरीक्षणमा देखिएका समस्याहरुमा थप सुधार हुन सक्ने स्थिति देखिँदैन । वित्तिय अनुसाशन पालना सुदृढ हुन सार्वजनिक लेखा समितिको निर्णय र निर्देशन कार्यान्वयन हुनुपर्दछ ।

२०. **आन्तरीक लेखापरिक्षण :–** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण शाखाले गर्ने उल्लेख छ । स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८(क) मा जिल्ला विकास समितिको आय–व्यय र धरौटीको श्रेस्ताको मसिक रुपमा आन्तरिक लेखापरिक्षण गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरिक्षण शाखाले वाषिक रुपमा आन्तरिक लेखापरिक्ष्ण गरेको छ । समयमा आन्तरिक लेखापरिक्षण हुन नसकेकोले आन्तिरिक नियन्त्रण भरपर्दो देखिएन । नियमावलीको नियम ५८ अनुसार निम्न काम भएको नदेखिएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी भएको छ भन्ने आधार भएन । नियमावलीले ताकेको समयमै आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रभावकारी गराउन कार्यालयको ध्यान जानुपर्दछ ।

- जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा र गा-वि-स-को आय–व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।
- गाउँ विकास समितिहरुको बेरुजू लगत राखि सम्परिक्षण गर्ने गरेको पाइएन ।

- स्थानीय निकाय अन्तरगतका कर्मचारीको बार्षिक तलबी प्रतिबेदन पारित गरेको पाइएन ।

**आय व्यवस्थापन**

२१. **आय ठेक्का :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६९(५) मा वोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताबाट स्वीकृत ठेक अङ्कको कूल रकमको मान्यता प्राप्त बैंकको कम्तिमा ६ महिना म्याद भएको फरफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गर्नुपर्ने र नियम १७१(१) मा कबुलियतको कुनै सर्त बर्खिलाप काम गरेमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा ठेक्का तोड्न सक्ने उल्लेख छ । यो वर्ष कार्यालयले खाँदबारी नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३० को शेर बहादुर गुरुङ्गसँग २०७०।३।२६ सम्म मान्य भएको रु. ३१,००,०००।- को जमानत पत्र लिई रु.४०,०१,००५।- को आय ठेक्काको २०६९।३।२८ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार २०६९ फागुण मसान्तभित्र ३ किस्तामा रकम बुझाउने उल्लेख भए अनुसार प्रथम किस्ता रु. १३,२०,३३५।- बुझाएको छ । बुझाउँन बाँकी रु. २६,८३,६७०।- तोकिएको समयमा ठेकेदारले बुझाएको देखिएन । ठेकेदारले अन्तिम किस्ता बुझाउने अवधि भन्दा बैंक जमानतको अवधि करिब ४ महिना बढी भएको देखिन्छ । ठेकेदारले तोकिएको समयमा किस्ता नबुझाएकोमा जमानत रकम जफत गर्नको लागि २०७०।३।४ मा मात्र बैंकलाई पत्र लेखेको छ । कार्यालयले पठाएको पत्रको जवाफ बैंकले दिएको छैन । कार्यालयले पछिल्लो पत्र २०७०।९।२१ मा लेखेको र बैंक जमानी पत्रको म्याद २०७०।३।२६ मा नै सकिएको देखिन्छ । यस सम्बन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । ठेकेदारले रकम नबुझाएको साथै जमानत दिने बैंकले कुनै प्रतिकृया नजनाएको कारण रु. २६,८३,६७०।- नोक्सान परेको देखिन्छ । बैंक तथा ठेकेदारलाई नियमानुसार कानूनी कारबाही गरी बाँकी रकम असुल उपर गर्नु पर्दछ ।

२२. **मूल्य अभिबृद्धि कर :-** जिल्ला विकास समिति संखुवासभाले २०६९।२।१२ मा राजधानी दैनिकमा प्रकासन गरेको सूचनाको दफा ७ मा ठेक्का कबोल गने व्यक्ति/संस्था/फर्म कम्पनीले आफूले कमोल गरेको अंकको १३ प्रतिशत मूल्य अभिबृद्धि कर समेत कार्यालयमा बुझाउनु पर्ने उल्लेख छ । कार्यालयले २०६९।३।२८ मा सम्झौता गर्दा सूचनाको मर्म विपरित दोश्रो र तेश्रो किस्तामा मूल्य अभिबृद्धि कर बुझाउने उल्लेख गरेको देखियो । यस सम्बन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । सूचना अनुसार सम्झौताको समयमा नै मूल्य अभिबृद्धि कर रु.५,२०,१३०।६५ असूल नगर्नाले नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान परेको छ । कार्यालयले नियमानुसार मूल्य अभिबृद्धि कर असूल गरी आन्तरिक राजश्व कार्यलायमा दाखिला गर्नु पर्दछ ।

**कार्यालयको जवाफ :–** मूल्य अभिवृधिकर अविलम्व जम्मा गरी सम्परिक्षण गराउने जनाएको छ ।

२३. **बक्यौता असूली :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७२(१) मा स्थानीय निकायले विभिन्न कारणबाट असूल हुन नसकि बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई असूल उपर गर्नु पर्ने उल्लेख छ । कार्यालयले २०६५।६६ देखिको बक्यौता रु.१५,०७६७१।- असूल गरेको छैन । असूल गर्ने सम्बन्धमा कारबाही भईरहेको जनाएको छ । राजश्व सयममै असूल नहुनाले कार्यालयलेसंचालन गर्ने विकास निर्माण कार्यमा बाधा पर्ने देखिन्छ । नियमानुसार कारबाही गरी बक्यौता राजश्व असूल गर्नु पर्दछ ।

**कार्यालयको जवाफ :–** असूल उपर गर्न कारवबाही भई रहेको जनाएको छ ।

२४. **अनुसूची अनुसार श्रेस्ता नराखेको:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ४ नियम ६० मा जिल्ला विकास समितिले आम्दानी तर्फ राख्नु पर्ने स्रेस्ताको ढांचा अनुसुचीमा तोकिएको छ । कार्यालयले आम्दानीको लागि प्रयोग हुने अनुसूची १०, ११, १२, १४ र १५ प्रयोगमा ल्याएको छैन । नियम ४१(१) मा प्राप्त हुने रकम आम्दानी रसिद काटी वुफि लिनु पर्ने र उपनियम (२) अनुसार गोश्वरा भौचर उठाई सम्वन्धित खातामा आम्दानी बांधि त्यस्तो नगद प्राप्त भएको भोलीपल्ट बैक दाखिला गर्नु पर्ने उल्लेख छ । कार्यालयले नगद प्राप्त हुदा भौचर उठाई आम्दानी वाधेको छैन । नगद बैक दाखिला गरेको प्रमाण प्राप्त भए पछि गोश्वरा भौचर उठाई श्रेस्तामा आम्दानी गरेको छ । गत विगत वर्ष देखिनै रसिदवाट सोझै बैक दाखिला गरी सो को आधारमा गोश्वरा भौचर उठाई श्रेस्तामा आम्दानी जनाउने गरेको जनाएको छ । तोकिएको अनुसूचीहरु प्रयोगमा नल्याउनाले र नगद आम्दानीको गोश्वरा भौचर नउठाउदा

आम्दानीको दूरुपयोग हुन सक्ने देखिन्छ । कार्यालले तोकिएका अनुसूचीहरु प्रयोगमा ल्याई दैनिक नगद आम्दानीको गोश्वरा भौचर उठाई श्रेस्ता राख्नु पर्दछ ।

२५. **नगदी रसिद नियन्त्रण खाता :- यो वर्ष कार्यालयले** गत मौज्दात, यस वर्ष प्राप्त, यस वर्षको खर्च र वांकी देखिने गरी रसिद नियन्त्रण खाता रोखेको छैन । जिन्सी किताव अनुसार गत वर्षको वाकी ४३ ठेली जिम्मेवारी (यस वर्षको छपाई नभएको) सारेकोमा निम्न अनुसार २१ ठेली नगदी रसिद जिन्सी खर्च लेखेकोमा आम्दानी शाखाले प्रयोग गरेको रसिद नम्वर भण्डार शाखासंग भिडान भएको छैन । भण्डार शाखाको जिन्सी किताव अनुसार २५ ठेली वाकी देखिएकोमा कुन कुन क्रम संख्याको वांकी छ उल्लेख गरेको छैन । गत विगत वर्ष देखि विभिन्न नगदी रसिदहरु मौज्दात रहेकोले दुरुपयोग हुन सक्ने हुंदा यथा शिघ्र धुल्याउन पर्ने देखिन्छ ।

| जिन्सी किताव अनुसार खर्च | | |
|---|---|---|
| र.नं. देखि | र.नं सम्म | ठेली संख्या |
| २९५१ | ३००० | १ |
| ३२०१ | ३२५० | १ |
| ३२५१ | ३३०० | १ |
| ४४०१ | ४५०० | २ |
| ३१०१ | ३२०० | २ |
| ३३०१ | ३४५० | ३ |
| २३०१ | २४०० | २ |
| ४६०१ | ४७५० | ३ |
| ४५०१ | ४६०० | २ |
| ४७५१ | ४९०० | ३ |
| २५०१ | २५५० | १ |
| | जम्मा | २१ |

| आन्तरिक आम्दानीमा प्रयोग | | |
|---|---|---|
| र.नं. देखि | र.नं सम्म | ठेली संख्या |
| २४४९ | २४५० | १ |
| ३००१ | ३०५० | १ |
| ३०५१ | ३१०० | १ |
| ३२०१ | ३२५० | १ |
| ३२५१ | ३२९९ | १ |
| ३६०१ | ३६५० | १ |
| ३९०२ | ३९५० | १ |
| ४२०१ | ४२५० | १ |
| ४२५१ | ४३०० | १ |
| ४३०१ | ४३५० | १ |
| ४३५१ | ४४०० | १ |
| ४४०१ | ४४०६ | १ |
| | जम्मा | १२ |

२६. **नगदी रसिद :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४१(१) मा रकम प्राप्त हुंदा नगदी रसिद दिनु पर्ने उल्लेख छ। ठेक्का पट्टावाट आन्तरिक आम्दानी तथा मू.अ.कर. असूली गर्दा र राजस्व वांडफाडवाट चेक तथा बैक भौचर प्राप्त गर्दा सम्वन्धितलाई नगदि रसिद दिने गरेको पाइएन ।

२७. **मालपोत असुली:-** कार्यालयले नगदी रसिद प्रयोग गरी रु.१,९६,३०२।८७, वैक भौचरवाट रु.१२,६८६ र बैक स्टेटमेन्ट अनुसार रु.५१,२१४ समेत रु.२,६०,२०२।८७ विभिन्न गा.वि.स. र नगरपालिकावाट मालपोत आम्दानी गरेको देखिन्छ । नगरपालिका तथा गा.वि.स.हरुले असुल गरेको मालपोत रकमको २५ प्रतिशत रकम जिल्ला विकास समितिमा पठाउनु पर्ने उल्लेख छ। यस वर्ष मालपोत वापत रु.२,६०,२०२।८७ आम्दानी देखाएकोमा असुली तथा वांकीको अभिलेख तयार गरेको छैन कार्यालयले त्यस्तो अभिलेख राख्ने नगरेको व्यहोरा जनाएको छ । नियमानुसार अभिलेख राखी असुल गर्नु पर्दछ ।

२८. **स्थायी लेखा दर्ता नम्वर:-** आयकर ऐन, २०५८ को दफा २ (कज) मा व्यवसाय भन्नाले कुनै प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै प्रकृतिका व्यवसायिक कारेवार सम्झनु पर्छ, ऐनको दफा ७८ (४) र आयकर नियमाली २०५९ को नियम २३ वमोजिम व्यक्तिले कारोवार गर्नु भन्दा पहिले स्थायी लेखा नम्वर लिनु पर्नेछ । दफा ७८ (५) वमोजिम स्थायी लेखा नम्वर नलिएको कारणवाट करको दायित्ववाट फुर्सद पाउने छैन । मू. अ. कर नियमावली २०५३ को नियम ६(क) मा ठेक्का सम्वन्धी व्यवस्था उल्लेख छ । ठेक्का सम्झौता र कर (मु.अ. कर) भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनु पर्छ । वार्षिक २० लाख भन्दा वढीको ठेक्का पट्टा दिदा वा वार्षिक १ लाख भन्दा वढीको परामर्श सेवा लिदा दर्ता (मु.अ.कर) भएको व्यक्तिर्सग मात्र दिनु लिनु पर्दछ भन्ने उल्लेख छ । उल्लेखित आएकर तथा मूल्य अभिर्वद्धि कर ऐन तथा नियमावली अनुसार कुनै पनि व्यवसाय तथा कारोवार गर्न प्यान दर्ता हुन पर्ने र निश्चित वार्षिक ठेक्का पट्टा लगाउदा मु.अ.करमा समेत दर्ता भएकोसंग गर्नु पर्ने व्यवस्था भएको छ तर कार्यालयले स्थायी लेखा दर्ता नम्वर नभएका व्यक्ति संग वार्षिक ४० लाख सम्मको ठेक्का पट्टाको कार्य गराएकोछ । यसले गर्दा ऐन नियमको परिपालना नहुनुको साथै ठेकेदारहरु आयकर तथा मु.अ.कर दायरामा नआउनाले सरकारको राजस्व असुलीमा कमी आएको छ । तसर्थ ऐन, नियम अनुसार स्थायी लेखा दर्ता तथा मु.अ.कर दर्तावाला व्यक्ति वा फर्म, संस्था तथा निकायसंग मात्र ठेक्का पट्टाको कार्य गर्न पर्ने देखिन्छ ।

२९. **मु.अ.कर:-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६(२) मा म्याद भित्र मू.अ. कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशत व्याज र दफा १९(२) मा वार्षिक १० प्रतिशत थप दस्तुर लाग्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न ठेक्कावाट असुल गरेको मु.अ. कर रु.३,८३,२१०।– आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको छैन । दाखिला नगरेको सम्वन्धमा भरपर्दो जवाफ दिएको छैन । समयमै कर दाखिला नगर्नाले सरकारी राजस्वमा कम हुन जाने देखिन्छ । कार्यालयले अविलम्व दाखिला गर्नु पर्दछ ।

**कार्यालयको जवाफ** :– आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेपछि सम्परीक्षण गराउने जनाएको छ ।

| | बापत | ठेक्का रकम | १३ प्र.श. मु.अ.कर |
|---|---|---|---|
| १ | लाम्सुघाट ठेक्का | ५४००० | ७८०० |
| २ | कुडुलीघाट | ६७९५० | ९८१५ |
| ३ | गोपीघाट | ४००० | ५२० |
| ४ | सभाहेभा दोभान | ६३०००० | ९१००० |
| ५ | जिल्लाभित्र ढंगा, गिटी, वालुवा ठेक्का | २२९५५०० | २६४१३० |
| ६ | कुडुलीघाट ०७०।७१ | ७६५०० | ९९४५ |
| | जम्मा | | ३८३२१० |

३०. **अग्रिम आयकर :-** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करार वापत भुक्तानीमा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नु पर्ने उल्लेख छ। कार्यालयले यस वर्ष आन्तरिक आयको निम्न ठेक्कामा १.५ प्रतिशत अग्रिम आयकर रु.२,०७,८४०/०८ असुल गरेको छैन । गत विगत देखि नै अग्रिम आयकर असुल

गर्ने नगरेकोले यस वर्ष पनि असुल नगरेको जनाएको छ । आयकर असुली नगर्नाले नेपाल सरकारको राजस्वमा कमी हुने देखिन्छ । नियमानुसार आयकर असुल गर्नु पर्दछ ।

**कार्यालयको जवाफ** :– अग्रिम आयकर नलिएको व्यहोरा उल्लेख गरेको छ । आयकार ऐन बमोजीम ठेका र कमको भुक्तानीमा लाग्ने कर दाखिला गर्नु पर्दछ ।

| क्र.सं. | बापत | ठेक्का रकम | १.५ प्र.श. आयकर |
|---|---|---|---|
| १ | लाम्सुघाट ठेक्का | ५४००० | ८१० |
| २ | कुडुलीघाट | ६७९५० | १०१९२५ |
| ३ | गोपीघाट | ४००० | ६० |
| ४ | सभाहेभा दोभान | ६३०००० | ९४५० |
| ५ | जिल्लाभित्र ढंगा, गिटी, वालुवा ठेक्का | २२९५५०० | ३४४३२.५० |
| ६ | कुडुलीघाट ०७०।७१ | ७६५०० | ११४७.५० |
| ७ | माल वस्तु जिल्ला वाहिर निकासी | ४००१००५ | ६००१५.०८ |
| | जम्मा: | ७१२८९५५ | २०७८४०.०८ |

**<u>विनियोजन</u>**

३१. **लेखापरिक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आम्दानी खर्चको आर्थिक विवरण तयार गरी आन्तरिक लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षणको लागि श्रेस्ता पेश गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले ग्रामिण पर्हुच कार्यक्रम सोझै भुक्तानीतर्फ रु.५,०५,६७२ खर्च भएकोमा लेखापरिक्षणको लागि श्रेस्ता पेश गरेको छैन । गत विगत वर्ष देखि लेखापरिक्षण नगराएकोले यस वर्ष पनि नगराएको जवाफ दिएको छ । लेखापरिक्षण नगराउनाले खर्चमा पारदर्शिता देखिदैन । नियमानुसार श्रेस्ता पेश गरी लेखापरिक्षण गराउनु पर्दछ ।

**कार्यालयको जवाफ :–** गत विगत वर्ष देखि नै लेखापरीक्षण नगराएकोले यस वर्ष पनि नगराएको जनाएको छ ।

३२. **बैशाख मसान्त पछिको सम्झौता :-** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३.१४ मा जिल्ला विकास समितिले बैशाख मसान्त पछि कुनै नया कार्यक्रम आयोजनामा रकम वाडर्फाड गर्न कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न पाउने छैन भनि उल्लेख छ । यो वर्ष कार्यालयले निम्न शिर्षकहरुमा बैशाख मसान्त पछि सम्झौता गरेको देखियो । वजेट तथा अख्तियारी ढिला प्राप्त भएकोले ढिला सम्झौता गर्न परेको उल्लेख छ । कार्यालयले ढिला सम्झौता गरी छोटो समयमा कार्य सम्पन्न गराएकोले गुणस्तरयुक्त कार्य भएको छ भन्न सकिने स्पष्ट आधार भएन । नियमले निषेध गरेको कार्य गराउने तर्फ नियन्त्रण हुन पर्ने देखिन्छ ।

| ब.शि.नं. | आयोजनाको नाम | सम्झौता मिति | भुक्तानी |
|---|---|---|---|
| ३६५०१६३ | दशभुरे छत्रे डांडा उभ्भा गांउ | २०७०/२/५ | २२२७३७ |
| ३६५०१६३ | योगमाया धार्मिक स्थल | २०७०/२/२५ | ५२३६१८ |
| ३६५८०४३ | अमृतेश्वर मन्दिर निर्माण | २०७०/३/२ | १०००८४.३० |
| ३६५८०४३ | वाधा आलुवारी खा.पा.यो. | २०७०/२/५ | ३००२६० |
| ३६५८०१३ | तामु सामुदायिक भवन | २०७०/२/१ | ४४६८०८ |
| ३६५८०१३ | चौरी खर्क तल्लो सडक | २०७०/२/५ | ६१६२३० |
| | जम्मा | | २२०९७३७.३ |

३३. **पाँच लाख भन्दा साना योजना छनौट :–** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ११.२ मा जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयेजना छनौट गर्न सक्ने छैन भन्ने उल्लेख छ । तेस्तै स्थानीय यातायात पूर्वाधार क्षेत्र कायक्रम सन्चालन सम्वन्धि

थप निर्देशन २०६९।७० मा आयोजना गत वजेट विनियोजन गर्दा रु. ५ लाख भन्दा कम वजेट विनियोजन गर्न पाइने छैन भन्ने उल्लेख छ । यो वर्ष कार्यालयले रु.५ लाख भन्दा कम लागत भएका निम्न आयोजनाहरुमा वजेट विनियोजन गरेको छ । विनियोजन वजेट कम भएकोले ५ लाख भन्दा कमका आयोजना छनौट गर्नु परेको उल्लेख छ । नियमावली विपरित कम लागतका योजना छनौट गरी सञ्चालन गर्नाले सरकारी खर्चवाट ठोस कार्य नहुनुको साथै काम सम्पन्न नहुने देखिन्छ । कार्यालयले नियम विपरीत योजना छनौट गर्ने परीपाटीलाई वन्द गर्नु पर्ने देखिन्छ ।

| ब.शि.नं. | छनौट आयोजनाको नाम | लागत रकम |
|---|---|---|
| ३६५०१६३ | जुकेपानी मुहान सिंचाई योजना | २००००० |
| ३६५०१६३ | खहरे खोला सिंचाई योजना | १००००० |
| ३६५०१६३ | दशमूरे छत्रेडांडा ओभ्रा गाउं सि.यो. | २००००० |
| ३६५०१६३ | छिरिन्ते सिंचाई योजना | २००००० |
| ३६५०१६३ | वेश्कु खोला तेपुङ्ग वेशी सिं.यो. | १५०००० |
| ३६५८०४३ | शिसुवाटार वुधवारे खानेपानी यो. | २००००० |
| ३६५८०४३ | अमृतेश्वर मन्दिर | ६०००० |
| ३६५८०१३ | तामु सामुदायिक भवन | ४४६८०८ |
| जि.वि.स. कोष | कालिका मा.वि. भौतिक सुधार | २२६१६८ |
| जि.वि.स. कोष | छपने डाडा सडक निर्माण | ४४४५८४ |
| राजस्व वाडफाड | ब्रह्मकुमारी राजयोग सेवा केन्द्र | ४७६५२२ |
| | जम्मा: | २७०४०८२ |

३४. **अनुपातिक कट्टि नगरेको:-** स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २५.११ मा उपभोक्ता समितिले तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा वढी काम गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा वढी रकम माग्ने उपभोक्तासमितिलाई उक्त रकम भुक्तानी नदिई कालो सुचिमा राखी कारर्वाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न उपभोक्ता समितिहरुलाई खुद काम गरेको अनुपातमा रु.२,१९,९९६/२१ वढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको सम्बन्धमा हिसाव गर्दा भुल भएको जनाएको छ । खुद भएको कामको अनुपातमा कार्यालयले खर्च लेख्नु पर्नेमा पुरै रकम खर्च लेख्नाले वढी व्यय भार परेको छ । उपभोक्ता समितिले तोकीएको काम भन्दा घटी काम गरेकोमा कार्यालयले व्यहोर्नु पर्ने रकम पनि सोही अनुपातमा घटी भुक्तानी गर्नु पर्नेमा पुरै भुक्तानी गरेको छ ।

| ब.शि.नं. | भौ.न | मिति | उपभोक्ताको नाम | दिनुपर्ने | दिएको | बढी |
|---|---|---|---|---|---|---|
| रजिष्ट्रेशन | ८३ | ०७०/३/२० | खोरण्डे चेवा सडक | २५६०४२.५३ | ३५०००० | ९३९५७.४६ |
| ३६५८०८३ | २२ | ०७०/२/२७ | चैनपुर रातोमाटे तिखिढुंगा सडक | ८५२४२३.५१ | ८५३००० | ५७६.४९ |
| डि.एफ.आई.डि. | ३० | ०७०/३/१६ | लेगुवा तुम्लिङ्गटार सडक | ३५३३०६४.७४ | ३६५८५२७ | १२५४६२.२६ |
| | | | जम्मा | ४६४१५३०.७८ | ४८६१५२७ | २१९९९६.२१ |

३५. **धरौटी जम्मा नगरेको :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७३(१) मा प्रचलित कानूनबमोजिम राख्नुपर्ने धरौटी रकम सम्बन्धित स्थानीय निकायले तोकेको बैंकमा जम्मा गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले भारतीय सहयोगमा निर्माण भएको हिमालय क्याम्पस भवन निर्माणका ठेकेदार सूर्यचन्द्र कालिका जे.भी.को बिल भुक्तानी गर्दा कट्टी गरेको रु.३,००,७४८।६१ धरौटी खातामा जम्मा गरेको छैन । धरौटी दाखिला नगरेको सम्बन्धमा भूल भएको जनाएको छ । ठेकेदारको बिलबाट कट्टी गरेको धरौटी रकम सम्बन्धित खातामा जम्मा नहुनाले व्यक्तिगत धरौटी अभिलेख नमिल्नुको साथै बैंक विवरणमा फरक पर्ने देखिन्छ । कार्यालयले नियमानुसार धरौटी जम्मा गरी हिसाब अद्यावधिक गर्नु पर्दछ ।

**कार्यालयको जवाफ** :– धरौटी खातामा जम्मा गरी सम्परीक्षण गराउने जनाएको छ ।

३६. **अख्तियारी** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) अनुसार बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहतका कार्यालय प्रमूख वा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई कार्यक्रमगत अख्तियारी पठाउनु पर्ने उल्लेख छ । यो वर्ष निम्न शिर्षकहरुको अख्तियारी आषाढ महिनामा पठाएको छ । आषाढ महिनामा अख्तियारी दिनाले कार्यक्रम सन्चालन गर्न नसकिने देखिन्छ । नियमानुसार मन्त्रालयले समयमै अख्तियारी पठाउनु पर्ने देखिन्छ ।

| ब.शि.नं. | रकम |
|---|---|
| ३०८१०९३ | १९१००० |
| ३६५०१५३ | ७३५८००० |
| ३२५०११३ | १३८११७६७ |
| ३९११०५३ | १०००० |
| ३६५८०७३ | ३५०००० |
| जम्माः | २१७२०७६७ |

३७. **मौज्दात रहने गरी पाइप खरिद :** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार विभिन्न साईजकका पाइप खरिद तथा उपयोगको स्थिती निम्नानुसार छ

| सि. नं. | ०६८/६९ को मौज्दात परिमाण मि. | ०६९।७०मा खरिद परिमाण | जम्मा | ०६९।७०मा उपयोग परिमाण | मौज्दात पाइप | मौज्दात पाइपको मुल्य रु. |
|---|---|---|---|---|---|---|
| १ | ४८७० | ८४४५ | १३३१५ | ० | १३३१५ | २२२७१५ |

कार्यालयले पाइपको मौज्दात र आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरीद गर्नुपर्नेमा सो वेगर विभिन्न साइजका पाइपहरु बढी खरिद गरेको कारण मौज्दात रहेको देखिन्छ। यसरी आवश्यकता पहिचान वेगर खरिद गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ।

३८. **गाउं विकास अनुदान फ्रिज नगराएको :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६(६) मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता पठाई दिनुपर्ने छ । यदि फ्रिज गर्नु पर्ने रकम फ्रिज नगराएमा वा फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता नपठाएमा उक्त रकम कट्टा गरेर मात्र निकासा लिनु पर्ने छ । निकासा दिने निकायले पनि रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । त्यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०६८।६९ मा दिएको अख्तियारीमा समेत खर्च नभएको रकम फ्रिज गर्नु पर्ने उल्लेख गरेको छ । लेखापरिक्षण भएका ३३ गाउं विकास समितिहरु मध्ये १० गा.वि.स.हरुको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा निम्न १० गाउं विकास समितिहरुको निकासा रकम (आन्तरिक आम्दानी समेत) खर्च नभई बांकी रहेको देखियो । खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नको लागि जिल्ला विकास समितिमा फिर्ता पठाएको देखिएन । जिल्ला विकास समितिले पनि निकासा खर्चको यकिन गरी अनुदान निकासा कट्टी गरेको छैन । तोकिएको समयमा निकासा नहुने भएकोले विकास निर्माण कार्यमा ढिला हुने हुंदा र गत विगत वर्ष देखि नै फिर्ता नगरेको जवाफ प्राप्त भएको छ । नियमले तोकेको प्रक्रिया पूरा नगरी रकम मौज्दात राख्नाले सञ्चित कोषमा रकम कमी भई सरकारलाई विकास निर्माण कार्य गर्न अप्ठेरो पर्ने देखिन्छ । नियमको पूर्ण रुपमा पालना गरी खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नु गराउनु पर्ने देखिन्छ ।

| क्र.सं. | गाउं विकास समितिको नाम | २०६८।६९ को मौज्दात रकम |
|---|---|---|
| १ | किमाथान्का गा.वि.स. | ७१२९५७.८१ |
| २ | हटिया गा.वि.स. | ८२२१९१.९७ |
| ३ | सिद्धपोखरी गा.वि.स. | ५३३५८६ |
| ४ | चैनपुर गा.वि.स. | १८५७२५८.५२ |
| ५ | वाह्रविसे गा.वि.स. | ६३४७६.४९ |

| | | |
|---|---|---|
| ६ | दिदिङ्ग गा.वि.स. | १३४४४६.९८ |
| ७ | ताम्कू गा.वि.स. | ४५४४५.९२ |
| ८ | माङ्गतेवा गा.वि.स. | १५४३८८.८६ |
| ९ | वाला गा.वि.स. | ५६३४१.२० |
| १० | खराङ्ग गा.वि.स. | ४१५७५० |
| | जम्मा | ४७९५८४३.७५ |

३९. **योजना सन्चालन:-** स्थानीय स्वायत्त शासन समुदायिक विकास कार्यक्रमको वजेटवाट प्राप्त रकम खर्च गर्दा पालना गर्नु पर्ने शर्त हरुको दफा ३ मा यस अख्तियारीवाट उपलब्ध हुने थप अनुदान रकमवाट गाउ विकास समितिहरुले २ लाख भन्दा कमको आयोजना सन्चालन गर्न नपाउने उल्लेख छ। यो वर्ष कार्यालयले ३६९८१९३ स्थानीय स्वायत्त सासन विकास कार्यक्रमवाट ३१ गाउ विकास समितिलाई रु.७५,८३,००० थप अनुदान निकासा दिएकोमा २ लाख भन्दा कमको आयोजना सन्चालन गरे नगरेको सम्वन्धमा अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन। अनुगमन निरीक्षण नगरेको सम्वन्धमा कर्मचारीको अभाव भएको जनाएको छ। कार्यालयले अनुगमन निरीक्षण नगर्नाले थप अनुदान रकम सदुपयोग भएकै छ भन्न सक्ने आधार भएन। कार्यायिले अनुगमन निरीक्षण गरी अनुदान रकमको सदुपयोग गर्ने गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४०. **पदपूर्ति तथा कार्य विभाजन:-** सुशासन -व्यवस्थापन तथा सञ्चालनं ऐन, २०६४ र सुशासन व्यवस्थापन तथा सञ्चालनं नियमावली २०६५ वमोजिम राजनैतिक नेतृत्व र कर्मचारी विच कार्य र जिम्वेवारी स्पष्ट किटान गरी परिषदवाट स्वीकृत गराउनु पर्ने। कार्यालयको कार्यमा विभिन्न शाखा र इकाइको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने कर्मचारीको काम कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकि काम गराउने व्यवस्था मिलाउनु पर्ने। कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा तोकिएको कार्य सम्पादन गरे नगरेको मूल्याकन गरी पुरस्कार र दण्डको परीपाटी अवलम्वन गर्नु पर्ने उल्लेख छ। कार्यालयमा ९२ दरवन्दी कायम भई ७७ कर्मचारी कार्यरत रहेकोमा सम्पूर्ण कर्मचारीहरुलाई कार्य विवरण दिने गरेको देखिएन। यस सम्वन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन। कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्य विवरण र जिम्मेवारी नतोक्नाले सेवा ग्राहीले प्रभावकारी रुपमा सेवा प्राप्त गर्न नसक्ने देखिन्छ। तसर्थ कर्मचारीहरुलाई कार्य विवरण तथा जिम्मेवारी तोकि काम दिनु पर्दछ।

४१. **आवधिक योजनाको तयारी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(१) मा एक वर्ष भन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आायोजनाको गुरु योजना तयार गर्नु पर्ने छ। गुरु योजना तयार गर्दा सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिवाट र कुन काम अन्य प्रकृयावाट गराउने हो सो समेत छुट्याई सम्वन्धित निकायाट निर्णय गराउनु पर्ने उल्लेख छ। कार्यालयले जिल्लाको आवधिक योजना हालसम्म तयार गरेको देखिएन। योजना तयार नगरेको सम्वन्धमा कार्यालयले सन्तोषजनक जवाफ दिएको छैन। विना योजना कार्यक्रम छान्ने र कार्यान्वयन गर्ने गराउने हुंदा राम्रो प्रतिफल प्राप्त हुन नसकी छनौट भएका योजनाहरुको लगानी खेर जाने देखिन्छ। कार्यालयले गुरु योजना तयार गरी योजनाहरु छनौट गर्नु पर्दछ।

४२. **उपभोक्ता समिति :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(१) मा रु.६० लाख सम्मको कार्य उपभोक्ता समितिद्वारा गराउन सकिने उल्लेख छ। उपनियम २ मा उपभोक्ता समितिवाट काम गराउने प्रयोजनका लागि कार्यालयले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अध्यावधिक गर्नु पर्ने र नियम १५६(ख) मा उपभोक्ता समितिहरुले निवेदन दिदा सूचिकृत दर्ता, नविकरण, साधारणसभा तथा वार्षिक कार्यक्रम र वजेटको विवरण समेत सम्वन्धित निकायमा वुझाउनुपर्ने उल्लेख छ। नियमालीमा उल्लेख भए अनुसार कार्यालयले उपभोक्ता समूहहरुलाई वर्गीकरण र सूचीकरण गरी लगत राखेको छैन। गठित उपभोक्ता समूहहरु कुन निकायमा दर्ता भई कुन निकायवाट नविकरण गरीएको हो सो समेत खुलेको छैन। उपभोक्ता समितिको दर्ता तथा नवीकरण अभिलेख नभएको सम्वन्धमा गत विगत वर्ष देखि यस्तै गर्ने गरेको वताएको छ। उपभोक्ता समिति दर्ता तथा

नविकरण नहुंदा कानूनी हैसियत नरहने र कार्यालयवाट रकम लिई कार्य नगरेमा कारवाही गर्ने कानूनी आधार नहुने अवस्था देखिन्छ । नियमले तोके वमोजिम उपभोक्ता समिति परीचालन गर्न कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

४३. **आर्थिक कारोवारको निरीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२२.२ मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाँउ विकास समितिहरुको आर्थिक कारोवारको कम्तीमा वर्षको १ पटक निरीक्षण गरी सो को प्रतिवेदन गाँउ विकास समिति, जिल्ला विकास समिति र मन्त्रालयमा पेश गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले गाँउ विकास समितिहरुको निरीक्षण गरेको छैन । निरीक्षण नगरेको सम्वन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । निरीक्षण अनुगमन नगर्नाले कामको गुणस्तर र प्रभावकारीता कम हुने देखिन्छ । तसर्थ कार्यालयले नियमले तोकेको अनुसार निरीक्षण अनुगमन गर्नु पर्दछ ।

४४. **खरिद योजना :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(२) मा एक वर्ष भन्दा वढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि गरीने खरिदको हकमा वार्षिक रु.१० करोड रुपैया भन्दा वढी रकमको खरिद गर्नु पर्ने भएमा सम्वन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिदको गुरु योजना तयार गर्नु पर्दछ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिवाट र कुन काम अन्य प्रकृयावाट गराउने हो सो समेत छुटयाई सम्वन्धित निकायवाट निर्णय गराउनु पर्ने उल्लेख छ । तेस्तै उपनियम ५ मा वार्षिक १० लाख भन्दा वढीको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गरी वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले खरिद योजना वनाएको छैन । खरिद योजना तयार नगरेको सम्वन्धमा गत विगत वर्ष देखिनै वनाउने नगरेको उल्लेख छ । नियमले तोकेको प्रकृया पुरा नगरी खरिद गर्नाले खरिद सम्वन्धमा पारदर्शिता नहुने देखिन्छ । कार्यालयले नियमले तोके अनुसार खरिद योजना तयार गरेर मात्र खरिद कार्य अगाडी वढाउनु पर्ने देखिन्छ ।

४५. **भौतिक परीक्षण** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् अधिकार प्राप्त अधिकारीले निरीक्षण गरी वा गर्न लगाई प्रतिवेदन लिई कारबाही गर्नुपर्ने उल्लेख छ । यो वर्ष लेखापरीक्षणको क्रममा जिन्सी खाताबाट नमूना छनौटको आधारमा ११ प्रकारका सामानहरुको भौतिक परीक्षण गर्दा टेलिभिजन–७ थान, कम्प्युटर २८ थान, फ्याक्स मेशिन –२ थान, मोटरसाइकल–३ थान, गाडी–१ थान, क्यामरा–२१ थान, ल्यापटप–१० थान, फोटोकपी मेशिन–३ थान टेक्टर १ थान, जेनेरेटर २ थान र प्रोजेकटर ४ थान मध्ये रु.७७,८७६।- को ल्यापटप १ थान, रु.५६,६२३।- को क्यामरा ३ थान समेत रु.१,३४,४९९।- को सामान भण्डारमा मौज्दात देखिएन । यस सम्वन्धमा कार्यालयले भर पार्दो जवाफ दिएको छैन । कार्यालयले सम्पत्ति सदुपयोगमा ध्यान नपु-याएकोले सरकारी सम्पत्तिको दुरुपयोग हुने देखिन्छ । कार्यालयले नियमानुसार खोज खबर गरी मौज्दात दुरुस्त राख्नुपर्दछ ।

**कार्यालयको जवाफ** :– सामान खोजखबर भई कार्यालयमा दाखिला भएको जनाएकोमा प्रमाण पेश भएको छैन ।

४६. **महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०४(१) मा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औंल्याएको बेरुजूहरुमा सुधार गरेको देखिएन । गत विगतका व्यहोराहरु यस वर्ष पनि दोहोरिएका छन् । कार्यालयले यसमा सुधार गर्दै जाने जनाएको छ । एकै प्रकृतिका व्यहोराहरु वर्षेनी दोहोरिदै जानाले बेरुजूको अंङ्क बढ्दै जाने देखिन्छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयको सुझावलाई कार्यान्वयन गरी लागू गर्नुपर्दछ ।

४७. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी त्यसको प्रमाण संलग्न गरी अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर कारबाही चलाएको छैन । कार्यालयले प्रतिवेदन कार्यान्वयन नगरेको सम्बन्धमा भर पर्दो जवाफ दिएको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन नगर्नाले आन्तरिक नियन्त्रण प्रभावकारी भएको देखिंदैन । कार्यालयले नियमको पालना गरी आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरुमा समयमै फछ्र्यौट गर्ने परीपाटी बसाल्नु पर्दछ ।

४८. **कर कट्टी दाखिला नगरेको :-** आयकर ऐन, २०५८ को दफा ९०(५) (ख) मा अग्रिम कर कट्टी गर्ने निकायले कर कट्टी गरेको १५ दिनभित्र आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न शिर्षकहरुको भुक्तानी गर्दा कट्टी गरेको १.५ प्रतिशत अग्रिम आयकर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको छैन । कर दाखिला नगरेको सम्बन्धमा भूल भएको जनाएको छ । कार्यालयले कट्टी गरेको अग्रिम कर रु. ९०,२२४/५८ अविलम्ब आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्द छ ।

| ब.शि.नं. | कार्यक्रम | भौ.नं. | मिति | अग्रिम कर |
|---|---|---|---|---|
| आन्तरिक कोष | हिमालय क्याम्पस | बैंक नगदी किताव | २०७०/३/३१ | ९०२२४.५८ |
| | जम्मा: | | | ९०२२४.५८ |

**कार्यालयको जवाफ :–** दाखिलको प्रमाण पेश गरेको जनाएकोमा दाखिला भौचर संलग्न गरेको छैन ।

४९. **अग्रिम कर कटी नगरेको:-** आयकार ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी गरेर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न कर्मचारीहरुलाई सर्भे, डिजाइन पारिश्रमिक भुक्तानी गरेकोमा अग्रिम कर रु.९७,२१८/९७ कट्टी गरेको छैन ।

| ब.शि.नं. | विविरण | भौ.नं. | मिति | भुक्तानी रकम | कर कट्टी गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| ३६५८१९३ | कैलाश चौधरी | | ०७०/३/३१ | ५२०००० | १८४९९.९७ | नपुग कर |
| ३६५८१२३ | सर्भे | ३५ | ०७०/३/२० | ३६०१९० | ५४०२८.५० | |
| राजस्व वांडफांड | छविलाल राई | ८९ | ०७०/३/२४ | ७६९७७.४५ | ११५४६.६१ | |
| राजस्व वांडफांड | इन्द्र बहादुर राई | ८९ | ०७०/३/२४ | ८७६२६ | १३१४३.९० | |
| | | जम्मा: | | १०४४७९३.४५ | ९७२१८.९८ | |

**कार्यालयको जवाफ :–** कर लाग्ने अवस्था सृजना भएमा दाखिला गर्ने जनाएको छ ।

५०. **लिलाम बिक्रि :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१७ .२ बमोजिम जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामान लिलाम बिक्रि गर्ने, मर्मत गर्नु पर्ने मालसामान मर्मत गर्ने, आम्दानी नबाधिएका जति तुरुन्त आम्दानी बाध्न कर्तव्य अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयको आर्थिक वर्ष २०६९।७० को जिन्सि निरिक्षण प्रतिवेदनमा अधिकांश सामानहरु लिलाम विक्री गर्नु पर्ने उल्लेख छ । कार्यालयले गत विगत वर्ष देखि लिलाम बिक्रि गरेको छैन । लिलाम विक्री नगर्दा कार्यालयमा जिन्सीको भण्डार व्यवस्थापन चुस्त देखिदैन । नयां जिन्सी सामान भण्डारण गर्न स्थानको अभाव हुने देखिन्छ । नियमले तोके बमोजिम लिलाम बिक्रि गरी आवश्यक काम कार्वाहीको टुङ्गो लगाई जिन्सी व्यवस्थापन चुस्त वनाउनु पर्ने देखिन्छ ।

५१. **बिल भरपाई नभएको** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले ३६५८०४३ ग्रामिण खानेपानी कार्यक्रमवाट निम्न योजनालाई पाइप तथा अन्य सामान खरिद गरी रु.४,९७,९७४।३३ भुक्तानी गरेकोमा सामान प्राप्ती हस्तान्तरण तथा ढुवानी खर्चको विल भर्पाई, हस्तान्तरण फाराम र दाखिला प्रतिवेदन संलग्न गरेको छैन । विल भर्पाई संलग्न नगरेकोमा कुनै प्रतिकृया जनाएको छैन । आवश्यक

अभिलेखहरु संलग्न नगर्नाले सामानको सदुपयोग भएको छ भन्न सक्ने आधार भएन । कार्यालयले नियमानुसार बिल भरपाई प्राप्त गरी खर्च यकिन गर्नुपर्दछ ।

| भौ.नं. | मिति | योजनाको नाम | विल रकम | ढुवानी रकम |
|---|---|---|---|---|
| ३२ | ०७०/३/१८ | वाधा आलुवारी खा.पा. | २८९६९६.४७ | १०००० |
| ३५ | ०७०/३/२० | सिप्रुङ्ग खा.पा.यो. | १६०९५६.८६ | ३७२९४ |
| | जम्मा: | | ४५०६५३.३३ | ४७२९४ |

**कार्यालयको जवाफ :–** जिल्ला विकास समितीको निर्णयवाट अनुदान अपलब्ध गराएकोले विल भर्पाई नभएको जनाएको छ ।

५२. **म्याद थप :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) मा सम्झौता बमोजिमको काम तोकिएको अवधिभित्र पूरा गर्न नसकिने भएमा ठेकेदारले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन दिनुपर्ने र उप–नियम ३ मा निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा तीन महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढीको अवधि सम्बन्धित स्थानीय निकायले थप गर्न सक्ने उल्लेख छ । हिमालय क्याम्पस भवन निमार्णका ठेकेदार सूर्यचन्द्र कालिका देवी जे.भी.ले २०६८।१०।१४ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०६७।७।१५ मा सम्झौता गरेको देखियो । कार्यालयले गत विगत वर्ष देखि सन्चालन गरेको आयोजनामा हाल सम्म रु.२,७९,६२,०४०।४४ खर्च भई कार्य सम्पन्न गर्नु पर्ने म्याद सकिएकोमा पटक पटक गरी २०७०।१२।१५ सम्म म्याद थप गरेको छ । निर्माण कार्य तोकिएको समयमा सम्पन्न नभएकोमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । सम्झौतामा तोकिएको समय भित्र कार्य सम्पन्न नगर्नाले लागतमा वृद्धि हुनुको साथै सेवाग्राहीले समयमै सेवा प्राप्त गर्न नसक्ने देखिन्छ । नियमानुसार समयमै निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

५३. **सापटी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(२)(क) मा खर्च गर्ने रकम स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षक नम्वरमा परेमा र खर्च गर्न वाकी भए मात्र खर्च गर्नु पर्ने उल्लेख छ । यो वर्ष भारतिय राजदुतावासवाट निर्माणधिन हिमालय क्याम्पस भवन निर्माणमा रकम नै निकासा नभएकोमा राजस्व वाडफाड शिर्षकवाट रु.५२,५०,००० सापटी लिई खर्च गरेको देखियो । निकासा नभएकोमा खर्च गर्नु पर्नाको कारण स्पष्ट गरोको छैन । विकास निर्माण गर्नु पर्ने राजस्व वांडफाडको रकम सापटी दिनाले विकास निर्माणमा वाधा पर्ने देखिन्छ । कार्यालयले दिएको सापटी रकम आर्थिक वर्षको अन्त सम्म फिर्ता प्राप्त गरेको छैन ।

**कार्यालयको जवाफ :–** भारतीय राजदुतवासवाट रकम प्राप्त भएपछि सोधभर्ना गर्ने जनाएको छ ।

५४. **सामाजिक सुरक्षा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार धनुषा जिल्ला स्थित कुल जनसंख्या मध्ये मासिक भत्ता प्राप्त गर्ने समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलितवर्ग, असक्त अपाङ्गता भएका नागरिकहरुको संख्या १०,५१५ लाई भत्ता वितरण गरेकोमा निम्नानुसार देखियो :

५४.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १३(६)(२)(क) मा प्रत्येक नगरपालिका, गाउं विकास समितिमा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एकप्रति नगरपालिका तथा गाउं विकास समितिको कार्यालयको सूचना पाटीमा टांस गर्ने र एकप्रति लेखापरीक्षणको लागि भरपाई साथ राख्नुपर्ने उल्लेख छ । गाउं विकास समिति तथा नगरपालिकाहरुले मुचुल्का तयार गरेको छैन ।

५४.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १९(५) मा समाजिक सुरक्षा भत्ता वृत्ति र अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले लाभग्राहीको नाम नामेसी वेभसाईटमा राखेको छैन ।

५४.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा २३(१) मा जिल्ला विकास समितिको कार्यालयले सामाजिक सुरक्षा जिल्ला समन्वय समितिसंग समन्वय गरी भत्ता वृत्ति अनुदान वितरण प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले सामाजिक सुरक्षा भत्ता रु.६,५७,६६,०००।– वितरण गरेकोमा समितिसंग समन्वय गरी अनुगमन निरीक्षण गरेको छैन ।

५५. **स्थलगत निरिक्षण** :– लेखापरिक्षणको क्रममा इन्जिनियर रामप्रिय यादव र सब ई. जगदिस प्र.यादव, कर्मचारी तथा स्थानीय जनताहरुको रोहवरमा ५ योजनाहरुको स्थलगत निरिक्षण गर्दा नियमानुसार देखियो ।

५५.१ चैनपुर रातोमाटे तिखिढुङ्गा सडक निर्माणको स्थलगत निरिक्षण गर्दा सन्तोष जनक पाइयो ।

५५.२ चैनपुर सिद्धपोखरी सडक निर्माणको स्थलगत निरिक्षण गर्दा सन्तोष जनक पाइयो ।

५५.३ हिमालय क्याम्पस भवन निर्माणको स्थलगत निरीक्षण गर्दा रङ्गरोगन, झ्याल ढोकाको पल्ला, सेनिटेशन कार्य, बाउण्ड्रीवाल निर्माण गर्ने कार्य वाकी रहेको देखियो ।

५५.४ हिमालय क्याम्पस आवास गृह निर्माणको स्थलगत निरिक्षण गर्दा सन्तोष जनक पाइयो ।

५५.५ बरुण वहुमुखी क्याम्पस भवन निर्माणको स्थलगत निरिक्षण गर्दा नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भई रु.२५,००० भुक्तानी भई सकेको विद्युतिकरण कार्यको पाइप राख्ने कार्य मात्र भएको देखियो । विद्युतिकरण कार्यनै नगरी लागत अनुमान वरावरको रकम रु.२५,०००/- भूक्तानी भएको अनियमित देखिएको छ ।

**कार्यालयको जवाफ:–** सामान ढुवानीगरी विद्युतिकरणको काम पूरा भएको जनाएको छ । कार्य सम्पन प्रतिवेदन सलग्न गरेको छैन ।

५६. **बढी भुक्तानी :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६.६ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाच गर्नु पर्ने उल्लेख छ । भारतीय सहयोगमा निर्माण हुने हिमालय क्याम्पस भवनको लागत अनुमानमा तेश्रो पक्ष विमा रु.४,११,३३७।१९ लमसम राखिएको र ठेकेदारले पनि रु. ४,११,३३७।१९ नै सकारेकोमा कार्यालयले रु. ४,५७,६३६।४४ विमा भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख भएको भन्दा रु.४६,२९९।२५ बढी भुक्तानी दिएकमोमा कार्यालयले कुनै प्रतिकृया जनाएको छैन । तोकिएको भन्दा बढी रकम भुक्तानी गर्नाले कार्यालयलाई नोक्सानी पर्ने देखिन्छ । सम्झौतामा उल्लेख भएको भन्दा बढी भुक्तानी भएको रकम रु. ४६,२९९।२५ असूल गर्नु पर्दछ ।

**कार्यालयको जवाफ:–** एकमुस्ट ठेक्का अनुसार भुक्तानी भएकोले बढी नभएको जनाएको छ ।

५७. **बढी भुक्तानी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(६) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले ३६५८१०३ ग्रमीाण पहुँच कार्याक्रम अन्तर्गत संचालित चैनपुर सिद्धपोखरी नुनढाकी सडक निर्माणको अन्तिम विल भुक्तानी गर्दा आइटम नम्बर ३.२ Hard Soil १९९।६८ घन मिटरको रु.४५।- ले रु.८,९८५।६० भुक्तानी गर्नु पर्नेमा रु.१००।- ले भुक्तानी गरेकोले रु.१०,९८२।४० बढी भुक्तानी भएको देखियो । बढी भुक्तानीको सम्बन्धमा भूल भएको जनाएको छ । कार्यालयले विल भर्पाइको चेक जाँच नगरी भुक्तानी गर्नाले बढी भुक्तानी हुने सम्भावना देखिन्छ । विल भन्दा बढी भुक्तानी भएको रु.१०,९८२।४० असूल गर्नु पर्दछ ।

**कार्यालयको जवाफ:–** असूल उपरगरी जानकारी गराउने जनाएको छ ।

५८. **स्थायी लेखा नम्बर :–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७१ .१ मा स्थानीय निकायले खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले अरुण भ्याली ट्रान्सपोर्ट कम्पनी खाँदबारी ३ बाट रु.२,२७,७९५।५० को सामान ढुवानी गराउँदा स्थायी लेखा नम्बर र मूल्य अभिर्बद्धि कर दर्ता प्रमाण पत्र लिएको छैन । यस सम्बन्धमा फर्म दर्ता नभएको जनाएको छ । मूल्य अभिर्बद्धि करमा दर्ता नभएको फर्मबाट ढुवानी गराउनाले सरकारलाई प्राप्त हुने राजश्वमा नोक्सानी पर्ने देखिन्छ । कार्यालयले नियम विपरित गरेको ढुवानी खर्च रु. २,२७,७९५।५० अनियमित देखिएको छ ।

**कार्यालयको जवाफः–** प्रमाणपत्र लिएका ठेकादार उपलबध नभएकोले अन्यवाट कार्यगराएको जनाएको छ ।

५९. **बढी भुक्तानी :–**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा कुनै रकमको भुक्तफनी दिंदा रित पुगे वा नपुगेको जाच गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले रु.३६,५८,०४३।- ग्रामीण खानेपानी शिर्षकबाट अनु आइरन स्टोर खाङदबारी १ लाई पाइप खरिदको विल रु.१,४२,४३९।७० र मूल्य अभिबृद्धि कर रु.१८,५१७।१६ समेत रु. १,६०,९५६।८६ भुक्तानी गर्नु पर्नेमा रु.१,७९,४७४।०२ भुक्तानी गरेको देखियो । दोहोरो भुक्तानी रु.१८,५१७।१६ को सम्बन्धमा भूल भएको जनाएको छ । विल भर्पाई चेक जाच नगरी भुक्तानी गर्नाले कार्यालयलाई थप व्ययभार पर्न जाने देखिन्छ । बढी भुक्तानी भएको रु.१८,५१७।१६ असूल गरी दाखिला गर्नु पर्दछ ।

**कार्यालयको जवाफः–** वढी भूक्तानी रकम असूल गरी दाखिला गर्ने जनाएको छ ।

६०. **ठेक्कापट्टा :–**स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २३ .१ .ङ मा वार्षिक कार्य योजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लगत अनुमान डिजाइन तयार गरी विनियोजन बजेटको अधिनमा रहि ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रकृयाहरु पुरा गरी सक्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न ठेक्काहरु तेश्रो चौमासिक र आषाढ महिनामा स्वीकृत गरेको छ । तोकिएको समयमा ठेक्कापट्टा नगरेको सम्बन्धमा भरपर्दो जवाफ दिएको छैन । आर्थिक वर्षको अन्तमा ठेक्कापट्टा गर्नाले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिने हुंदा प्रगती हासिल गर्न सकिदैन । कार्यालयले नियम कानूनको पूर्ण रुपमा पालना गरी समयमै ठेक्कापट्टाको कार्य सम्पन्न गर्नु पर्दछ ।

| कार्यक्रम | विवरण | ठेकेदारको नाम | ठेक अंक | स्वीकृत मिति |
|---|---|---|---|---|
| ३६५८१४३ | फ्रो.पु.सामान | एस.के.ईन्जिनियरिङ्ग इण्डष्ट्रिज प्रा.लि. | ४१,०३,८६८।५० | २०७०।३।१३ |
| ३६५८१४३ | फ्रो.पु.सामान | एग्रो ईन्जिनियरिङ्ग इण्डष्ट्रिज प्रा.लि. | ३८,८८,२३७।२६ | २०७०।३।१३ |
| ३६५८०८४ | सडक निर्माण | प्रभात कन्स्ट्रक्सन इण्डष्ट्रिज प्रा.लि. | १२,८४,६३८।- | २०६९।१२।१५ |
| सडकबोर्ड | सडक निर्माण | सत्यसाई निर्माण सेवा | ९,२०,१४२।२५ | २०६९।१२।१५ |

६१. **जिल्ला** विकास समितिको कार्यालय जिल्ला ऊर्जा तथा वातावरण शाखाको यस वर्ष रु.१,१३,१५,१०१।५१ आय भएकोमा रु.९२,०८,६६२।५५ खर्च भई रु.२१,०६,४३८।९६ बाँकी रहेको छ ।

६२. यो वर्ष कार्यालयले जल विद्युत आयोजना मर्मत र प्रशासनिक खर्च वापत यू.एन.डि.पि.खातालाई निकासा दिएको रु.७,६९,३४८।- को स्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन ।

**कार्यालयको जवाफः–** सम्वन्धित दातृपक्षले लेखापरीक्षण गर्ने भएकोले पेश नभएको जनाएको छ ।

६३. **ठेक्कापट्टा :–**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को निमय १३० मा निर्माण व्यावसायीले भुक्तानीको लागि पेश गरेको ठे.वील प्राप्त भएपछि स्थानीय निकायले त्यस्तो ठे.विल सम्झौतामा उल्लेखित प्रावधान बमोजिम भए नभएको जाङच गरी सो अनुरुपको नभएमा सोको जानकारी सम्बन्धित निर्माण व्यावसायीलाई तुरुन्त दिनु पर्ने र नियम १३१ .६.ख मा निर्माण व्यावसायीले सम्झौता सर्त बमोजिम कार्य सम्पादन नगरेमा स्थानीय निकायले रनिङ्ग विल बमोजिमको भुक्तानी नदिन सक्ने उल्लेख छ । यो वर्ष कार्यालयले सडकबोर्डबाट रु. १६,३२,९५२।०९ को लागतमा निर्माण गर्न २०६९।१२।१९ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार विलअफ क्वान्टीटीमा (B.O.Q) उल्लेख भएको कार्य सम्पन्न गर्नु पर्नेमा १ आइटमको कार्य नगरी र अन्य आइटमको पुरा कार्य नै नगरी रु.७,०९,१६३।४५ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी ठेकेदारलाई फरफारक गरेको देखियो । विलअफ क्वान्टीटीमा उल्लेख भएको कुल परिमाणको ८१.४५ प्रतिशत काम (जस्मा Surface Leveling गर्ने काम मात्र ८९.८३ प्रतिशत) गरी भुक्तानी गर्नाले बाटोको गुणस्तर ठीक भएको छ भन्न सक्ने आधार भएन । यस सम्बन्धमा ठेकेदारले कम रकममा ठेक्का पारेकोले नोक्सान परेको हुंदा पुरा काम नगरेको उल्लेख छ । पुरा काम नगर्नाले बाटोको गुणस्तर कायम नभई कार्यालयको लगानी रु.७,०९,१६३।४५ खेर जाने देखिन्छ । कार्यालयले यस्तो गैर जिम्मेवारी पूर्ण काम गर्ने ठेकेदारहरुलाई काम दिदा ध्यान पुर्‍याउनु पर्दछ ।

| लागत अनुमान | | भएको काम | | आइटम | (घटी )बढी | |
|---|---|---|---|---|---|---|
| परिमाण | दर | परिमाण | दर | | परिमाण | जम्मा |
| १७०२४ | ३०।- | १५२१३ | ३०।- | Surface Leveling | (१८१०।९७) | (२८२५२४।५०) |
| १७४२।८३ | २२३।- | - | - | Eartyen side Drain | (१७४२।८३) | (३८८६५१।०९) |
| ६६।६० | २५५७।- | ८.७७ | २५५७।- | Construction Dry Stone Causeway | (५७।८३) | (१४,५७४०।२०) |
| ६६।६० | २२३।- | ८.७७ | २२३।- | Construction Dry Stone Causeway | (५७।८३) | (१३५३६।३०) |

६४. **ठेक्कापट्टा –** स्थानीय निकाय श्रोतपरिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २५(११) मा तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्ताविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुको अतिरिक्त समबन्धित प्राविधिकलाई समेत कारबाही गर्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले संचालन गरेको विभिन्न योजनाहरु मध्ये निम्न आयोजनाको कार्य सम्पन्न प्रतिवेदन नमुना परीक्षण गर्दा, कम दररेट भएको कार्य कम गने /बढी दररेट भएको कार्य तोकिएको परिमाण भन्दा बढी गर्ने । जटिल प्रकारका कार्य गर्दे नगर्ने देखियो । सम्झौता अनुसारको कार्य घटी/बढी र गर्दै नगर्नाले योजनाहरु गुणस्तर र तोकिएको मापदण्ड अनुसार भएकै छन् भन्न सकिने आधार भएन । यस सम्बन्धमा उपभोक्ताले कार्य नै नगर्ने जानकारी गराएको छ । कार्यालयले तयार गरेको लागत अनुमान अनुसारनै उपभोक्तासङग सम्झौता भई कार्य हुने भएकोले उल्लेखित कार्यहरु पूर्ण रुपमा सम्पन्न गरेर मात्र फरफारक गर्नु पर्ने देखिन्छ ।

| कार्यक्रम | योजनाको नाम | ल.ई.अनुसार गर्नुपर्ने | | आइटम | काम गरेको | | (घटी )बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | रकम | | परिमाण | रकम | परिमाण | रकम |
| कोष DFID | लेगुवा-तुम्लिङटार सडक | ९८१.१५ | ४५.०० | Siteclearance | ८६६.४३ | ३८९८९.३५ | -११४.७२ | -५१६२.४० |
| | लेगुवा-तुम्लिङटार सडक | २६६५५.०१ | ७७६ | Lower Bed Gravel | १४१.७५ | १०९९९८.०० | -२५२३.२६ | -१९५८०४९.७६ |
| ३६५८०८४ | खाँदबारी कल्से-डके सडक | ४.०८ | २३२ | Dr7 wall for Road | ३४.२५ | ७९४६ | २९.४५ | ६८३२.४० |
| ३६५८०८४ | ,, | ३०.०० | २३२ | Gabin wall | १०८.०० | २५०५६ | ७८.०० | १८०९६.०० |
| ३६५८०८४ | ,, | २८१६ | ४५ | Hard soil | ९६४.२९ | ४३३९२.८२ | -१८५१.७२ | -८३३२.१७ |
| ३६५८०८४ | ,, | ७०४ | १०० | medium Rock | ९६४.२९ | ९६४२८.५० | २६०.२९ | २६०२८.५० |
| ३६५८०८४ | ,, | ९ | २६२४ | Retaining wall | ३४.४१ | ९०२७८.७२ | २५.४१ | ६६६७५.८४ |
| ३६५८०८४ | ,, | ३७८ | ११२६ | Graveling Stone | ३३०.९९ | ३७२६४९.७४ | -४७.०१ | -५२९३३.२६ |
| ३६५८०८४ | मत्स्यपोखरी चिचिला सडक | १०३१०.२७ | ४५.०० | Hard Soil | ८३१०.३० | ३७३९६३.५० | -१९९९.९७ | -८९९९८.६५ |
| ३६५८०८४ | ,, | ३३९७.९३ | १००.०० | Medium Rock | ३५७०.९३ | ३५७०९३.०० | १७३.१० | १७३०९.९९ |
| ३६५८०८४ | ,, | १०९७.७३ | ४५० | Hard Rock Without Cheseling | ११५५.३६ | ५१९९१२.०० | ५७.६३ | २५९३३.५० |
| ३६५८०८४ | ,, | १२६.५२ | १०००.०० | Hard Rock with cheseling | १६६.१४ | १६६१४०.०० | ३९.६२ | ३९६२०.०० |
| ३६५८०८४ | ,, | ५५५.१३ | २३२.०० | Hard Soil | ४८८.८८ | ११३४२०.१६ | -६६.२५ | -१५३७१.१६ |
| ३६५८०८४ | ,, | ९७.९३ | ७७३.०० | Ordinary Rock | १२२.२२ | ९४४७६.०६ | २४.२९ | १८७७२.३० |

६५. **लेखापरीक्षकको राय** – हाम्रो रायमा लेखापरीक्षणबाट देखिएका उपरोक्त व्यहोराले वित्तीय विवरणमा सारभूत रुपमा असर पार्ने बाहेक जिल्ला विकास समितिको कार्यालय, संखुवासभाको वित्तीय विवरणले ३१ आषाढ २०७० को आर्थिक स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाले नेपाल सरकार र स्थानीय निकायको लेखा पद्धति र नीति अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
नायव महालेखा परीक्षक

**अनुसुची – १**

## एकिकृत कारोबारको संक्षिप्त स्थिति

**आय–व्ययको स्थिति :** आ.व.२०६९।७० को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | कार्यक्रमको नाम | गत वर्षको जिम्मेवारी | यस वर्षको आय | जम्मा | खर्च | बाँकी | पेश्की |
|---|---|---|---|---|---|---|---|
| १ | सडक बोर्ड कार्यक्रम | ४६३५३७.४३ | ० | ४६३५३७.४३ | ४६२७४६.५२ | ७९०.९१ | ० |
| २ | बैकल्पिक उर्जा कार्यक्रम | ८२४८५१९.५१ | ३०६६५८२ | ११३१५१०१.५१ | ९२०८६६२.५५ | २१०६४३८.९६ | ० |
| ३ | गा.वि.स.अनुदान कन्टीजेन्सी | १९१३८८८.३७ | ३५६६०० | २२७०४८८.३७ | ३२९४५७ | १९४१०३१.३७ | ० |
| ४ | रजिष्ट्रेशन दस्तुर | १४७७३६६५.३३ | २४०१३४४१ | ३८७८७१०६.३३ | ९२०६७८२.७४ | २९५८०३२३.५९ | ३००००० |
| ५ | जि.वि.स. कोष | ४३०९८९०.०८ | ५२३७३३६.८७ | ९५४७२२६.९५ | ५९९००७५.४४ | ३५५७१५१.५१ | २०६०० |
| ६ | कर्मचारी कल्याण कोष | १८४३८२९.१७ | १७५२२३५.६४ | ३५९६०६४.८१ | १८९९१६४ | १६९६९००.८१ | ० |
| ७ | धरौटी | ५५३८४६२.३२ | ९५७९८५२.७९ | १५११८३१५.११ | ५३३५५०९.८७ | ९७८२८०५.२४ | ० |
| ८ | हिमालय क्याम्पस भवन | १७७०३०.७६ | ५२५०००० | ५४२७०३०.७६ | ५५९३९२४.२१ | –१६६८९३.४५ | ० |
| ९ | वातावरणीय व्यबस्थापन बिशेष कोष | २१०००० | ५०००० | २६०००० | ० | २६०००० | ० |
| १० | गरिवी निवारण तथा सामाजिक प.बिशेष कोष | २१०००० | ५०००० | २६०००० | ० | २६०००० | ० |
| ११ | मर्मत संभार बिशेष कोष | ६९११३१६ | १५८०००० | ८४९३३१६ | ९५०००० | ७५४१३१६ | ० |
| १२ | मानव संशाधन बिकास बिशेष कोष | ४५६८२३.१३ | ५०००० | ५०६८२३.१३ | ० | ५०६८२३.१३ | ० |
| १३ | प्रकोप व्यवस्थापन विशेष कोष | ३१०००० | ५०००० | ३६०००० | ० | ३६०००० | ० |
| १४ | महिला तथा बाल बिकास बिशेष कोष | २१०००० | ५०००० | २६०००० | ० | २६०००० | ० |
| १५ | सांस्कृतिक प्रवर्धन कार्यक्रम | २५०००० | ० | २५०००० | ० | २५०००० | ० |
| १६ | जलेश्वर महादेव गुफा संरक्षण | ० | २००००० | २००००० | ० | २००००० | ० |
| १७ | डि.एफ.आई.डि. | ६२५५०८१ | १५४९१७४१ | २१७४६८२२ | १२८५७७१९.१६ | ८८८९१०२.८४ | ६००००० |
| १८ | पारालिगल कार्यक्रम | १३९६५७० | ० | १३९६५७० | १३९६५७० | ० | ० |
| १९ | भुकम्पीय पनुर्लाभ तथा विपत न्यूनीकरण | २४००००० | ७०६०८८० | ९४६०८८० | ९४६०४७०.६६ | ४०९.३४ | ० |
| २० | पर्यटन विकास | ३५४००० | ० | ३५४००० | १७५००० | १७९००० | १७५००० |
| २१ | विभिन्न आ.व.को विभिन्न वचत | ३४५३६०१.२१ | ० | ० | ० | ३४५३६०१.२१ | ० |
| २२ | गुम्वा व्यवस्था | १५०००० | ० | ० | ० | १५०००० | ० |
| २३ | ग्रामिण पहुंच कार्यक्रम साझै भुक्तानी | १९३४२१.५२ | ३१६९२४ | ५१०३४५.५२ | ५०५६७२ | ४६७३.५२ | ० |
| जम्मा | | ६००२९६३५।८३ | ७४१५५५९३।३ | १३०५८३६२७।९२ | ६३३७१७५४।१५ | ७०८१३४७४।९८ | १०९५६०० |

| सि.नं. | वजेट उप शिर्षक नं. | कार्यक्रमको नाम | अख्तियारी रकम | निकासा | खर्च | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ३९११०५३ | राष्टीय विकास स्वंयसेवक सेवाको संस्थागत विकास | १३५००० | १३५००० | १३५००० | ० |
| २ | ३६५८०१३ | जिल्ला विकास समिति चालु अनुदान | ३४६४५००० | ३४२४१९४६..०५ | ३४२४१९४६..०५ | ७००००० |
| ३ | ३६५८०२३ | गा.वि.स. अनुदान | ४९५००००० | ४९५००००० | ४९५००००० | ० |
| ४ | ३६५०१५३ | जेष्ठ नागरिक, अशक्त, अपांग, लोपोन्मुख आदिवासी जनजाति तथा एकल महिला सुरक्षा | ६६८९४००० | ६५७६६००० | ६५७६६००० | २२७९०००० |
| ५ | ३६५०१६३ | स्थानीय यातायात पूर्वाधार विकास तथा कृषि सडक | ३०००००० | २९४७३०४ | २९४७३०४ | ५७५००० |
| ६ | ३६५१०६३ | उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान विकास समिति | २४२६०० | २४२६०० | २४२६०० | ० |
| ७ | ३६५८०९३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १०५००००० | ६७६०९८४.४८ | ६७६०९८४.४८ | २८८०४३३ |
| ८ | ३६५८०४३ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ४२२५४२० | ३८६११६८.१० | ३८६११६८.१० | ५८०००० |
| ९ | ३६५८०७३ | ग्राीण सामुदायिक पूर्वाधार विकास | ३५०००० | ३४२६१० | ३४२६१० | ० |
| १० | ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १६०००००० | १४१२६०३४ | १४१२६०३४ | १५३७५०० |
| ११ | ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम पूजिगत | २७००००० | २४६४४६९.१९ | २४६४४६९.१९ | ० |
| १२ | ३६५८१०३ | ग्रामीण पहुंच कार्यक्रम | ३१००००० | ३०९६७७५.५१ | ३०९६७७५.५१ | ० |
| १३ | ३६५८१२३ | जनसहभागितामा आधरित विकास कार्यक्रम | ९२००००० | ८८८८८६३ | ८८८८८६३ | ३४८३०९२ |
| १४ | ३६५८१४३ | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण कार्यक्रम | ४८४०००० | ४१५९९३२.५९ | ४१५९९३२.५९ | २०११४०० |
| १५ | ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १४५३५४८५ | १४५३५४८५ | १४५३५४८५ | ३९३००० |
| १६ | ३४३१०१३ | युवा तथा खेलकुद मन्त्रालय | ६१२००० | ५८८००० | ५८८००० | ० |
| १७ | ३०८१०९३ | रोवाल्टी व्यवस्थान तथा वितरण (विधुत विकास विभाग) | १९१००० | १९१००० | १९१००० | ० |
| १८ | ३६५१०१३ | गुम्बा व्यबस्था तथा बिकास समिति | २५०००० | २५०००० | २५०००० | ३४००० |
| १९ | ३२५०११३ | पर्यटन पूर्वाधार विकास कार्य | १३८११७६७ | १३८११७६७ | १३८११७६७ | ० |
| २० | ३२५१०६३ | पर्यटन विकास | १५००००० | १४६४६३२ | १४६४६३२ | ० |
| २१ | ६०१०१४३ | संचित विदा | ८२४४९२ | ८२४४९२ | ८२४४९२ | ० |
| २२ | ६०१०१८३ | औषधि उपचार | १३२१०५६ | १३२१०५६ | १३२१०५६ | ० |
| जम्मा | | | २३८३७७८२० | २२९५२०११८.९२ | २२९५२०११८.९२ | ३४९८४४२५ |

उल्लेखित आय–व्यय विवरणमा वर्तमान विकेन्द्रीत व्यवस्था अनुसार निडक्षेपित कार्यक्रमको जिल्ला स्थित .कृषि, शिक्षा, स्वास्थ्य र पशुं कार्यालयहरुलाई निकासा दिएको रु.२,६७,६१,१२,६५।७५समावेश भएको छैन ।